# फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फाक्तेप, पाँचथर
### कोशी प्रदेश, नेपाल

फोन
अध्यक्ष९८४२६६१२६०
उपाध्यक्ष ९८५२६८१३७२
प्रप्रअ ९८५२६८४३८४

पत्र संख्याः २०८०/२०८१

मितिः २०८०/१०/२८

सूचना। सूचना।। सूचना ।।।

**आ.ब. २०८१/८२ को लागि न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सुचना ।**

रोजगारिको हक सम्बन्धी ऐनम, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७६(दोस्रो संसोधन २०७८ सहित) को दफा १८ को उपदफा (१) बमोजिम आगामी आ.ब २०८१/८२ मा फागुनन्द गाउँपालिकाको मातहतमा रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतम रोगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणमा योगदान गर्न ईच्छुक (१८-५९ उमेर समुहका) सामाजिक र आर्थिक अवस्थाबाट वञ्चित महिला,दलित,आदिवासी जनजाती, सिमान्तकृत समुदाय तथा विपन्न बेरोजगार व्यक्तिहरुले आफु स्थायी बसोबास गरिरहेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५(दोस्रो संसोधन २०७८ सहित) को अनुसुचि १ बमोजिमको ढाँचामा २०८० साल फाल्गुन १ गते देखि २०८० साल फाल्गुन ३० गते सम्ममा फाराम भर्ने सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु**

- नागरिकताको प्रतिलिपि -१ प्रति
- पासपोर्ट साइजको फोटो -१ प्रति
- परिवारका(१८-५९ उमेर समुहका) सम्पुर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि -१/१ प्रति
- नागरिकता भन्दा फरक ठेगाना भएमा विवाह दर्ता वा बसाईसराईको प्रतिलिपि -१ प्रति
- निवेदकको बैक खाता सम्बन्धी विवरण
- निवेदक बैदेशिक रोजगारिबाट फर्केका वा श्रम स्वीकृत लिइ बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ती भए सो पुष्टी गर्ने प्रमाणको प्रतिलिपि -१/१ प्रति
- निवेदक बरोजगार भएमा निवदेक दिँदाको मिति सम्म न्युनतम एकसय दिनको रोजगारमा संलग्न नभएको हुनुपर्नेछ । साथै स्वरोजगारमा संलग्न व्यक्तिको हकमा न्युनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको हुनुपर्नेछ ।
- अपुर्ण निवेदक स्वतः निष्कृय हुनेछ ।

( नोटः आवेदन फारम वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

पुनश्चः चालु आ.ब.मा सुचिकृत भइ न्युनतम रोजगारीमा संलग्न नभएका व्यक्तिहरुले पुनः सुचिकृत हुनको लागि अनिवार्य रुपमा माथि उल्लेखित मिति भित्र वडा कार्यालयमा सम्पर्क गरि फाराम भर्नुपर्नेछ ।

थप जानकारीको लगि रोजगार सेवा केन्द्र वा वडा कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।

निर्मल तुम्बोक
प्रमुख प्रशासकीय अधिकृत

निर्मल तुम्बोक
प्रमुख प्रशासकीय अधिकृत

E-mail:info@phalgunandamun.gov.np/ito.phalgunandamun@gmail.com